श्री

काठमाडौं जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री भोलानाथ ढकाल

**थुनछेक आदेश**

मुद्दा नं. ०८०-C१-३७६१

मुकुन्द प्रसाद पन्तसमेतको जाहेरीले नेपाल सरकार........................................वादी

**बिरुद्ध**

शिबजी भट्टराईसमेत................................................................................प्रतिवादी

मुद्दाः- सरकारी छाप दस्तखत किर्ते सम्बन्धी कसूर।

यसमा अभियोगपत्रसाथ उपस्थित प्रतिवादीहरु शिबजी भट्टराई, रुद्रकुमार श्रेष्ठ, बालकृष्ण श्रेष्ठ, कलाधर देउजा, मिनबहादुर गुरुङ, घमनकुमार कार्की, गोपाल कार्की, बिनोदप्रसाद पौडेल, योगराज पौडेल, नारायणराज मिश्र, अरुणकुमार श्रेष्ठ, ध्रुवप्रसाद अर्याल, केशव तुलाधर, बाबुराजा महर्जन, देवनारायण महर्जन, सकलानन्द महर्जन, संजयकुमार महर्जन, लोकहरी घिमिरेसमेतले साविकको मुलुकी ऐन, कीर्ते कागजको महलको १ नं. र २ नं. मा परिभाषित कसूर गरेकोले निज प्रतिवादीहरुलाई ऐ. महलको ७ नं. र ९ नं. बमोजिम सजाय गरी सोही ऐन महलको १२ नं. बमोजिम थप सजाय गरी पाउन तथा प्रतिवादीहरुको नाममा दर्ता भएको सरकारी जग्गा फिर्ता गरी मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२) बमोजिम नेपाल सरकारको नाममा दर्ता हुन एवं प्रतिवादीहरुबाट क्षतिपूर्ति दिलाई भराईपाउनसमेत मागदाबी लिईएको अभियोगपत्र वादी नेपाल सरकारको तर्फबाट दायर भई निज प्रतिवादीहरुको बयान लिने कार्य सम्पन्न भई थुनछेक प्रयोजनार्थ बहसका लागि वादी नेपाल सरकारकातर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ताहरु श्री महेशप्रसाद खत्री, श्री बासुदेव शर्मा, श्री जनकप्रसाद घिमिरे र श्री रमेश भट्टराई, विद्वान् सहायक जिल्ला न्यायाधिवक्ताहरु श्री चन्द्रप्रसाद संजेल, श्री प्रकाश घिमिरे, श्री दिनेश भट्टराई र श्री प्रकाश ज्ञवालीले प्रतिवादी शिबजी भट्टराईको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री भिमबहादुर गुरुङ, विद्वान् अधिवक्ताद्वय श्री प्रकाश आचार्य र श्री गणेशमान प्रधान, प्रतिवादी रुद्रकुमार श्रेष्ठको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री यदुनाथ खनाल, विद्वान् अधिवक्ताद्वय श्री भूपबहादुर बोगटी र श्री जगन्नाथ श्रेष्ठले गर्नुभएको बहस जिकीर सुनियो।

प्रतिवादी बालकृष्ण श्रेष्ठको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री बाबुराजा जोशी, प्रतिवादी कलाधर देउजाको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री बाबुराम गिरी, श्री



CamScanner

हर्कबहादुर भट्टराई र विद्वान् अधिवक्ताद्वय श्री सगिना शाक्य, श्री केदारप्रसाद गुरागाँइ, **प्रतिवादी मिनबहादुर गुरुङको** तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री सुशील पन्त, श्री कोमलप्रकाश घिमिरे, श्री शम्भुप्रसाद पोखरेल, श्री शम्भु थापा, श्री रमनकुमार श्रेष्ठ र श्री उपेन्द्रकेशरी न्यौपाने, श्री शरदप्रसाद कोईराला र विद्वान् अधिवक्ताद्वय श्री मणिराज आचार्य र श्री ललितकुमार बस्नेत, **प्रतिवादी घमनकुमार कार्कीको** तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री हरिहर दाहाल, श्री युवराज भण्डारी, विद्वान् अधिवक्तात्रय श्री ईन्द्रबहादुर अधिकारी, श्री यामकुमार कार्की र श्री तुलसा खरेल, **प्रतिवादी गोपाल कार्कीको** तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री राजु बस्नेत र विद्वान् अधिवक्ताद्वय श्री कृष्णकुमार बस्नेत र श्री विष्णुप्रसाद ढकाल **प्रतिवादी बिनोदप्रसाद पौडेलको** तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री कृष्णहरि खतिवडा र श्री माधवकुमार बस्नेत, **प्रतिवादी योगराज पौडेलको** तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रविनारायण खनाल र विद्वान् अधिवक्ता श्री अपूर्व खतिवडाले बहस प्रस्तुत गर्नुभयो।

त्यस्तै **प्रतिवादी नारायणराज मिश्रको** तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री टिकाराम भट्टराई र विद्वान् अधिवक्ता डा. श्री रमेश पराजुली, **प्रतिवादी अरुणकुमार श्रेष्ठको** तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री बद्री पाठक र श्री न्हुछे नारायण श्रेष्ठ, **प्रतिवादी ध्रुवप्रसाद अर्यालको** तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री शम्भु थापा, श्री ओमप्रसाद थपलिया र विद्वान् अधिवक्ताद्वय श्री संजीवकुमार आचार्य र श्री सोमराज तिमिल्सीना, **प्रतिवादी केशव तुलाधरको** तर्फबाट उपस्थित विद्वान् अधिवक्तात्रय श्री भरतप्रसाद खरेल, श्री रमेश महर्जन र श्री ऋमिका महर्जन, **प्रतिवादीहरु बाबुराजा महर्जन र देवनारायण महर्जनको** तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री हेममणी सुवेदी, **प्रतिवादी सकलानन्द महर्जन र प्रतिवादी संजयकुमार महर्जनको** तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री ज्ञानेन्द्रप्रसाद पोखरेल, विद्वान् अधिवक्तात्रय श्री कृष्णकुमार श्रेष्ठ, श्री निरञ्जनकुमार खड्का, श्री अर्जुन बासु र **प्रतिवादी लोकहरी घिमिरेको** तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कोमलप्रकाश घिमिरे, विद्वान् अधिवक्ताद्वय श्री मनोजकुमार भण्डारी र श्री कञ्चनकृष्ण न्यौपानेले गर्नुभएको बहससमेत सुनियो।

उपरोक्त बहस सुनी मिसिल अध्ययन गरी हेर्दा, मिति २०२१/०८/१७ गते नेपाल गजेट भाग ३ खण्ड १४ अतिरिक्ताङ्क २३ मा जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले ललिता निवास क्याम्प भित्रको मालपोत तिरोको जग्गा रोपनी २९९-९-३ मध्ये सुवर्ण शमशेर, कञ्चन शमशेरको भागको घर र जग्गा रोपनी १४-११-० श्री ५को सरकारका लागि सकेकोले सो कट्टा गरी बाँकी रोपनी २८४-१४-३ र सो जग्गामा भएका घरहरु मिति २०२१/८/१५ को निर्णयले सो घरजग्गाको मोल



CamScanner

र नोक्सानी वापत क्षतिपूर्ति दिईने भनी "जग्गाको क्षतिपूर्ति लिन आउनुहोस्" भन्ने सूचना मिति २०२१।९।६,७,८ र ९ को गोरखापत्रमा प्रकाशित गरेकोमा सोही बमोजिम श्री ५को सरकारले अधिग्रहण गरेको सरकारी जग्गालाई सरकारी कागजातहरु किर्ते गरी सरकारको हक मेटाई समरजंग कम्पनीको नाममा रहेको सरकारी जग्गा फरक-फरक मितिहरुमा ४ चरण गरी जग्गा जग्गा फिर्ता-२०४९ सम्बन्धी, छुट जग्गा-२०६२, सट्टापट्टा-२०६७ र टिकिन्छा गुठी-२०६९ गरी व्यक्ति विशेषको नाममा नामसारी दर्ता कायम गरी सार्वजनिक सरकारी सम्पत्तीलाई व्यक्ति विशेषले दर्तासमेत गरी आफू अनुकूल प्रयोग गरेको हुँदा अनुसन्धान गरी कारवाही गरीपाउ भन्नेसमेतको समरजंग कम्पनीमा कार्यरत ऐ. कार्यालय प्रमुख मुकुन्दप्रसाद पन्तको छुट्टाछुट्टै जाहरी दरखास्त परी लामो समयसम्म अनुसन्धान भई आएको रहेछ।

श्री ५ को सरकारको नाममा रहेको ललिता निवास क्याम्प भित्रको सरकारी जग्गा संरक्षण गर्ने दायित्व भएका पदाधिकारी कर्मचारीहरुबाटै झुठो र कीर्तेसमेतको फरक ब्यहोराको प्रस्ताव पेश गरी मन्त्रिपरिषदको निर्णय र बहाल रहेको कानूनको दुरुपयोग गरी बदनियतपूर्वक राज्यलाई हानी हुने र व्यक्ति बिशेषलाई फाइदा हुने गरी मोही भनिएका ब्यक्तिहरु, पशुपति टिकिन्छा गुठी समेतको नाममा जग्गा दर्ता गरी सार्वजनिक र सरकारी जग्गा हिनामिना र हानि नोक्सानी पुर्‍याएको भन्ने सरकारी छाप दस्तखत कीर्ते/लिखत सम्बन्धी कसूर गरेको तथा गैह कानूनी तवरले अर्थोपार्जन गर्ने आपराधिक सँगठन बनाई सँगठित भई आपराधिक समूहका सदस्य बीच अपराध गर्नका लागि पिरामिड शैलीमा तहगत जिम्मेवारीहरु बाँडफाँड गर्दै नेपाल सरकारको नाममा रहेको ललिता निवास क्याम्प भित्रको जग्गा लिने खाने नियतले कीर्ते गरी तीन वा तीन भन्दा वढी व्यक्तिहरुको अपराधिक समूह बनी सँगठित अपराधको कसूर गरेको हुँदा निज प्रतिवादीहरुलाई कारवाही गरी पाउँ भन्नेसमेत बेहोराको प्रहरी प्रतिवेदन मिसिलसंलग्न रहेको देखिन्छ।

यी प्रतिवादीहरुउपर साविकको मुलुकी ऐन, कीर्ते कागजको महलको १ नं. र २ नं. मा परिभाषित कसूर गरेकोले निज प्रतिवादीहरुलाई ऐ. महलको ७.नं. र ९ नं. बमोजिम सजाय गरी सोही ऐन महलको १२ नं. बमोजिम थप सजाय गरी पाउन तथा प्रतिवादीहरुको नाममा दर्ता भएको सरकारी जग्गा फिर्ता गरी मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२) बमोजिम नेपाल सरकारको नाममा दर्ता हुन एवं प्रतिवादीहरुबाट क्षतिपूर्ति दिलाई भराईपाउनसमेत मागदाबी लिईएको अभियोगपत्र वादी नेपाल सरकारको तर्फबाट दायर भई पेश भएको पाईयो।

प्रतिवादीतर्फका अधिकांश कानून व्यवसायीहरुले प्रस्तुत मुद्दामा वादी पक्षले संगठीत अपराध निवारण ऐन, २०७० बमोजिम ६० दिन भन्दा बढी म्याद थप गरी अभियोगपत्र लगाउदा

सरकारी छाप दस्तखत किर्ते सम्बन्धी कसूरमा मात्र लगाई संगठीत अपराध लगाउन नमिल्ने भनि निर्णय गरेको हुँदा अभियोजन नै गैरकानूनी भएको र हदम्यादसमेतको आधारमा मुद्दा नै खारेज गरिनु पर्दछ भन्ने जिकीर लिएतर्फ हेर्दा सम्मानीत सर्वोच्च अदालतबाट ने.का.प. २०७७ अंक २ नि.नं. १०४३६ मा "अनुसन्धानकै क्रममा असल नियतबाट अनुसन्धान गर्दै जाँदा कसूर गरेको भन्ने देखिन नआएमा अदालतबाट म्यादथप गरी अनुसन्धान गरेको कार्य गैरकानूनी मात्र नमिल्ने" भनि यस्तै विषयवस्तु समावेश भएको तेजेन्द्र न्यौपानेसमेत विरुद्ध झापा जिल्ला अदालतसमेत भएको बन्दी प्रत्यक्षीकरण मुद्दामा सिद्धान्त प्रतिपादन भएको पाइदा तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५१ को देहाय (३) अनुसार अहिले अन्तरकालिन प्रयोजनका लागि पेश भएको अवस्था हुँदा प्रतिवादीहरुतर्फका कानून व्यवसायीहरुले लिएको सो सम्बन्धी जिकीरसंग सहमत हुन सकिएन।

अब, थुनछेक सम्बन्धमा विचार गर्दा वादी नेपाल सरकारले साविक मुलुकी ऐन, २०२० किर्ते कागजको १ र २ नं. ले परिभाषित कसूर प्रतिवादीहरुले गरेको भनि दावी लिईएको पाईदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम प्रतिवादीहरुलाई थुनामा राख्न पठाउन मिल्ने नदेखिंदा त्यस तर्फ विचार गरी रहनु परेन। प्रतिवादीहरुलाई जग्गाको विगो वापतको निकै ठूलो रकम मूल्यांकन गरी जग्गा फिर्ता गरी क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्ने दावी सम्बन्धमा विचार गर्दा वादीदावीको जग्गाहरु यस मुद्दा अनुसन्धानको सिलसिलामा प्रहरी प्रधान कार्यालय केन्द्रिय अनुसन्धान ब्यूरोको मिति २०७७।७।२५ च.नं. १९६७ को पत्र अनुसार मालपोत कार्यालय, डिल्लीबजार काठमाडौंको च.नं. ३०८९ मिति २०७७।७।२८ को पत्रद्वारा रोक्का रही रहेको हुँदा जग्गा फिर्ता गर्ने प्रयोजनको लागि पछि ठहरे बमोजिम हुने नै हुँदा त्यसतर्फ अहिले नै थप विचार गरी रहन परेन।

साथै, वादी नेपाल सरकार प्रतिवादी कलांधर देउजासमेत १७५ जना प्रतिवादी भएको सार्वजनिक जग्गा गैर कानूनी रुपमा व्यक्ति तथा संस्था विशेषको नाममा कायम गरी हिनामिना गरी भ्रष्टाचार गरेको (मुद्दा नं.०७६-CR-०२७०) मुद्दा हाल विशेष अदालत बबरमहल काठमाडौंमा विचाराधिन रही रहेको यस मुद्दाका अधिकांश प्रतिवादीहरुसमेत सो मुद्दामासमेत प्रतिवादी कायम भै धरौटी तारेखमा रहेको निज प्रतिवादीहरुको बयानसमेतबाट खुल्न आएको छ।

विभिन्न मितिका मन्त्रीपरिषदका निर्णयहरु, प्रतिवादीहरुले अनुसन्धानको क्रममा तथा यस अदालतमा गरेको बयान, मौकामा बुझिएका मुकुन्द प्रसाद पन्त, युवराज कोइराला, नवराज सुवेदीसमेतले गरीदिएको घटनाविवरण कागजसमेतका मिसिलसंलग्न तत्कालप्राप्त आधारप्रमाणहरुबाट निज प्रतिवादीहरु अहिले नै निर्दोष रहेछन् भन्ने अवस्था देखिएन।



CamScanner

अब, यी प्रतिवादीहरुको कसूरमा संलग्नता समेतलाई विचार गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ को समेत आधार लिई सोही दफा ६८ बमोजिम प्रतिवादीहरुलाई हुन सक्ने सजाय समेतलाई आधारमानी के कति धरौटी वा दफा ६९ नं. बमोजिम तारेखमा राखी कारबाही गरिनु पर्ने हो ? भन्ने सम्बन्धमा अपराधको प्रकृति, माग गरेको अंक र मात्रालाई मात्र आधार मानी आरोपित व्यक्ति वा कसूरको समग्र हैसियत भन्दा बढी अंक तोकी धरौटी वा जमानत मागे त्यसबाट ऐनले थुनामा नै बसी पूर्पक्ष गर्नु पर्ने अवस्था पर्दछ र धरौटी वा जमानतको व्यवस्था निस्प्रयोजन हुनुको साथै कानूनको विधायकी मनसाय र न्यायको मान्य सिद्धान्तको विपरित हुन जान्छ। कसूरदारको हैसियत अर्थात् उसको पारिवारिक स्थिति र आर्थिक अवस्थाले नभ्याउने प्रकृतिको धरौटी अंक तोक्नु धरौटी वा जमानत माग गर्न इन्कार गरे सरह हुन जान्छ र परिणाममा प्रतिवादीहरुलाई थुनामा राख्न आदेश गरे सरह हुन पुग्दछ। धरौटी वा जमानत माग्नुको अर्थ अदालतले खोजेको वखत निजको उपस्थिति पाउनु हो। त्यसकारण तारेख गुजारी बसेमा धरौटी जफत हुने गरी कानूनले व्यवस्था गरेको छ। हाम्रो विद्यमान कानूनी व्यवस्था र प्रतिवादीहरुको आर्थिक अवस्था, उमेर, शारीरिक स्थिति, कसूरमा साविती, निजहरुउपरको अभियोगदावी समेतका आधारमा हुन सक्ने सजाय लगायतको विषयलाई विचार गरी मनासिव रकमसम्म धरौटी वा जमानत माग्नु न्यायोचित हुन जान्छ। यदि ठूलो रकम धरौटी माग गरिएमा अभियुक्त सो धरौटी राख्न नसकी थुनामा नै जानु पर्ने अवस्था नहोस् भनि धरौटी वा जमानत माग गर्नुपर्ने देखिन आयो।

तसर्थ, प्रतिवादी तत्कालिन वडा सचिव **शिवजी भट्टराईको** हकमा विचार गर्दा, यी प्रतिवादीले मुचुल्का गरिने कित्ता जग्गाको सम्बन्धमा यथार्थ बुझी सर्जमीन मुचुल्का तयार गर्नु पर्नेमा सो नगरी नेपाल सरकार समरजंग कम्पनीको नाममा दर्ता कायम रहेको सरकारी जग्गालाई व्यक्ति विशेषको नाममा दर्ता कायम गर्न सर्जमीन मुचल्कामा रोहवरमा बसेको र वडाको सिफारिस गरी हालसाविक गर्न जग्गाधनी पूर्जा दिएमा फरक पर्ने छैन भनि मिति २०६०।११।३० मा भएको सर्जमीन मुचुल्काको रोहवरमासमेत बसेबाट निज प्रतिवादी मतियारको भूमिकामा रही कार्य गरेको भन्ने वादीदावी रहेको देखिंदा अहिले नै निज कसूरदार होईनन् भन्न सकिएन र पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादी शिवजी भट्टराईबाट धरौटी रु. ३,३०,०००/-(तीन लाख तीस हजार रुपैयाँ) नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राख्नु।

**प्रतिवादी तत्कालिन भूमिसुधार तथा व्यवस्था विभागका महानिर्देशक रुद्रकुमार श्रेष्ठको हकमा विचार गर्दा,** निजले तत्कालिन श्री ५ को सरकारले अधिग्रहण भएको व्यहोरा लोप गरी साविक

बमोजिम जग्गाधनी महलमा समरजंग कम्पनी लेखिएको भए तापनि जफत भएको जग्गा सम्बन्धित व्यक्तिलाई नै फिर्ता भएको हुँदा उक्त जग्गाका विभिन्न जग्गाधनीलाई फिर्ता गर्ने भनि मिति २०५९।६।२४ र २०६०।४।२६ मा हाल साविक गर्न मालपोत कार्यालय डिल्लीबजार काठमाडौंलाई सहमती तथा निर्देशन दिएको। साथै समरजंग कम्पनीको नाममा दर्ता कायम रहेको सरकारी जग्गालाई गुठी कायम गर्ने मनसायले २०६०।९।१२ मा सचिवसमक्ष राय पेश गरी गलत मनसायले पेश भएको टिप्पणीलाई समर्थन गरी नेपाल सरकार समरजंग कम्पनीको नाममा दर्ता कायम रहेको सरकारी जग्गालाई पशुपति टिकिन्छा गुठीको नाममा दर्ता कायम गर्न टिप्पणी पेश गर्नेसमेतको भूमिका निर्वाह गरी कार्य गरेको भन्ने अभियोग पेश भएकोले निज निर्दोष रहेछन् भनेर अहिले नै मान्न नमिली पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादी रुद्रकुमार श्रेष्ठबाट धरौटी रु. ७,५०,०००/-(सात लाख पचास हजार रुपैयाँ) नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राख्नु।

प्रतिवादी शहरी विकास तथा भवन निर्माण विभागका तत्कालिन सिनियर डिभिजनल इन्जिनियर बालकृष्ण श्रेष्ठको हकमा विचार गर्दा, निजले सिनियर डिभिजनल ईन्जिनियर पदमा कार्यरत रहेको अवस्थामा सरकारी अभिलेखसँग भिडाई जग्गा सरकारी हो वा मोही कायम भएको जग्गा हो भन्ने एकिन गरी मिल्ने भए मात्र ऐन, नियमका आधारमा टिप्पणी पेश गर्नु पर्नेमा सो नगरी, आफ्नो क्षेत्राधिकार भन्दा बाहिरको विषयमा अनुसूची थपी व्यक्ति विशेषको नाममा मोही कायमसमेत गराई नेपाल सरकार समरजंग कम्पनीको नाममा रहेको सरकारी जग्गालाई व्यक्ति विशेषको नाममा मोही कायम गर्नेगरी टिप्पणी पेश गरेको भन्ने अभियोग मागदावी गरेको देखिंदा निजलाई अहिले नै निर्दोष मान्न नमिली पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादी बालकृष्ण श्रेष्ठबाट धरौटी रु. ७,५०,०००/-(सात लाख पचास हजार रुपैयाँ) नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राख्नु।

प्रतिवादी कलाधर देउजाको हकमा विचार गर्दा, निज तत्कालिन प्रमुख मालपोत अधिकृत पदमा कार्यरत रहेको अवस्थामा श्री ५ को सरकारले मिति २०२१/८/१५ गते निर्णय गरी सार्वजनिक कामको लागि प्रचलित कानून बमोजिम सम्बन्धित जग्गा धनिलाई क्षतिपूर्ति समेत दिई अधिग्रहण गरेको सरकारी जग्गालाई हानि नोक्शानी गर्ने, गराउने उद्देश्यले मिति २०१८।११।१९ मा हाम्रो जग्गा तत्कालिन सरकारले जफत गरको हो भन्ने निवेदकहरुको एकमात्र बेहोरालाई आधारमानी २०२१।८।१५ मा अधिग्रहण गरेको जग्गालाई जफत र रोक्का भएको जग्गा हो भनि झुठ्ठा तथा फरक व्यहोराको किर्ते लिखत तयार गरी मिति २०४९।७।२५ मा मिसिल



CamScanner

नं. १०२४ मा र मिसिल नं. १०२५ मा मिति २०४९।९।२३ मा पनि विभिन्न कित्ता जग्गा शैलजा राणासमेतको नाममा दा.खा. दर्ता गरी दिने गरी टिप्पणी आदेशमा हस्ताक्षरसमेत लेखी सदर गरी निर्णय गरेको देखिंदा तथा आफ्ना साढुभाईसमेतको नाममा बकसबाट सोही जग्गा प्राप्त गरेको भन्ने अभियोग मागदावी र निजले अदालतमासमेत उक्त निर्णय आफूले गरेको हो भनि बयान गरेको तर किर्ते गरेको होईन भनि जिकीरबाट निज निर्दोष रहेछन् भनेर मान्न नसकिएकोले पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादी कलाधर देउजाबाट धरौटी रु. १५,००,०००/-(पन्ध्र लाख रुपैयाँ) नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राख्नु।

प्रतिवादी भाटभटेनी कम्पनी प्रा.लि.का संचालक मिन बहादुर गुरुङको हकमा विचार गर्दा, तत्कालिन श्री ५को सरकारले अधिग्रहण गरेको जग्गालाई जफत भएको हो भनि शैलजा राणा समेतको नाममा करिब ११२ रोपनी जग्गा दर्ता भईसकेपछि २०६० साल पश्चात् अधिकांश जग्गा निज, निजको परिवार र निजसमेतले संचालन गरेको कम्पनीको नाममा हालसम्म पनि रहेकोले निज कसूरदार रहेनछन् भन्ने अवस्था तत्काल नदेखिएको हुँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादी मिनबहादुर गुरुङबाट धरौटी रु. २,४६,००,०००/- (दुई करोड छ्यालिस लाख रुपैयाँ) नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राख्नु।

प्रतिवादी नापी कार्यालय, डिल्लीबजार काठमाडौंका तत्कालिन सर्वेक्षक घमनकुमार कार्कीको हकमा विचार गर्दा, निजले सरकारी स्वामित्वको जग्गा व्यक्तिको नाममा लाई मोही कायम गरी गुठीको नाममा दर्ता गरी व्यक्तिलाई लाभ पुर्याउने तथा सरकारको हक मेटाई सरकारलाई हानी पुऱ्याउने नियतले आफै सार्वजनिक निकायका जिम्मेवार पदाधिकारी भएपनि मोठ स्रेस्ता अध्ययन गरी जग्गाहरुको स्रोत एकीन गरी अभिलेखबाट भिडे पश्चात प्रतिवेदन तयार गर्नुपर्नेमा सो नगरी श्री ५ को सरकार समरजंग कम्पनीको सरकारी जग्गालाई टिकिन्छा गुठीको कायम गर्न, श्रेस्ताबाट लगत कट्टा गर्नेसमेतको भूमिका यी प्रतिवादीले निभाएको वादीदावी देखिंदा यी प्रतिवादी अहिले नै निर्दोष रहेछन् भनेर मान्न सकिएन तसर्थ, पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादी घमनकुमार कार्कीबाट धरौटी रु. ७,५०,०००/-(सात लाख पचास हजार रुपैयाँ) नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राख्नु।



CamScanner

प्रतिवादी मालपोत कार्यालय डिल्लीबजार काठमाडौंका तत्कालिन खरिदार गोपाल कार्कीको हकमा विचार गर्दा, निजले श्री ५ को सरकारको जग्गालाई फिर्ता गर्ने मन्त्रिपरिषदका निर्णयहरुलाई तोडमोड अपव्याख्या गरी गृहमन्त्रालयबाट छानबिन भई हदबन्दिको टुङ्गो लगाउनु अगावै मिति २०१८।११।१९ गते हाम्रो जग्गा तत्कालीन सरकारले जफत गरेको हो भन्ने एक मात्र ब्याहोरालाई आधार मानी तत्कालीन श्री ५ को सरकारले मिति २०२१/८/१५ गते निर्णय गरी सार्वजनिक कामको लागि प्रचलित कानून बमोजिम सम्बन्धित जग्गा धनिलाई क्षतिपूर्तिसमेत दिई अधिग्रहण गरेको सरकारी जग्गालाई शैलजा राणा समेतको मिलेमतोमा सरकारी जग्गा हानि नोक्शानी गर्ने गरी खडा भएका मिसिल नं. १०२४ र १०२५ को मिसिलहरुबाट भएको कार्यलाई वैधता दिन निजको जिम्मामा रहेको मिसिलहरु गायब गरेको भन्ने अभियोग दावी रहेको र ती मिसिलहरु फेला परेकोसमेत नदेखिएको अवस्थामा यी प्रतिवादी अहिले नै निर्दोष रहेछन् भनेर मान्न नमिली पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादी गोपाल कार्कीबाट धरौटी रु. ७,५०,०००/-(सात लाख पचास हजार रुपैयाँ) नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राखु।

प्रतिवादी समरजंग कम्पनीका तत्कालिन सहायक लेखापाल बिनोदप्रसाद पौडेलको हकमा विचार गर्दा, निज श्री ५ को सरकार समरजंग कम्पनीको सहायक लेखापाल पदमा कार्यरत रही उक्त कम्पनीको नाममा रहेका सरकारी जग्गाको कुत बुझ्दै आएको र अभिलेख राख्ने जिम्मासमेत निजकै रहेको अवस्थामा २३ क्ष र २३ ह को ७६ कित्ताको क्षे.फ. ११२-४-१-० जग्गा अधिग्रहण गरिएकोमा निजले कुत बुझ्दै आएकोमा उक्त जग्गाको रेकर्ड नदेखिएको भनि गलत व्यहोरा उल्लेख गरी मिति २०५९।४।१० र २०६०।४।९ मा गैर जिम्मेवार पत्र पठाई उक्त सरकारी जग्गा ब्यक्ति विशेषको नाममा ना.सा. दा.खा. दर्ता गर्ने कार्यमा निज संलग्न रहेको र सो गरीदिए वापत निजको श्रीमती विद्या गौतम पौडेलको नाममा जम्मा रोपनी ०-१४-०-० क्षे.फ. जग्गा हालै देखिको बकसपत्रको लिखत पारित गरी लिई लाभ लिएको भन्ने अभियोग मागदावी भएको र निजले कसूरमा इन्कारी भएपनि अहिले नै निर्दोष हुन भन्न सकिने अवस्था नहुँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी हाललाई मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादी बिनोदप्रसाद पौडेलबाट धरौटी रु. १५,००,०००/-(पन्ध्र लाख)नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राखु।

प्रतिवादी मालपोत कार्यालय डिल्लीबजारका तत्कालिन नायब सुब्बा योगराज पौडेलको हकमा विचार गर्दा, निज मालपोत कार्यालय डिल्लीबजारको ना.सु. पदमा रहेको अवस्थामा श्री ५ को



CamScanner

सरकार समरजंग कम्पनीको नाममा रहेको जग्गालाई हाल साविक गर्ने मिति २०६१।६।२० को टिप्पणी र आदेशको निर्णयमा नापीको श्रेष्तामासमेत श्री ५ को सरकार समरजंग कम्पनी उल्लेख भएको देख्दा देख्दै पनि सरकारी कर्मचारीले सरकारी सम्पत्तीको संरक्षण गर्नु पर्नेमा सो हटाई निवेदक शैलजा राणासमेतको नाममा हाल साविक गरी जग्गाधनी प्रमाण पूर्जा दिने टिप्पणीमा निजकोसमेत हस्ताक्षर भएको पाइदा निज प्रतिवादी अहिले नै निर्दोष हुन भन्न सकिने अवस्था नहुँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी हाल मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादी योगराज पौडेलबाट धरौटी रु. ७,५०,०००/-(सात लाख पचास हजार रुपैयाँ) नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राखु।

प्रतिवादी मालपोत कार्यालय डिल्लीबजारका तत्कालिन खरिदार नारायणराज मिश्रको हकमा विचार गर्दा, निज मालपोत कार्यालय डिल्लीबजारको खरिदार पदमा कार्यरत रहेको अवस्थामा श्री ५ को सरकार समरजंग कम्पनीको नाम हटाई शैलजा राणासमेतलाई हाल साविक गरी जग्गा धनी पूर्जा दिएमा फरक पर्ने छैन भनि मिति २०६०।११।३० को सर्जमिन मुचुल्का तयार गरी रोहबारमा बसी हस्ताक्षरसमेत गरेको देखिंदा यी प्रतिवादी अहिले नै निर्दोष रहेछन् भनेर मान्न मिल्ने नदेखिएकोले पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादी नारायणराज मिश्रबाट धरौटी रु. ७,५०,०००/-(सात लाख पचास हजार रुपैयाँ) नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राखु।

प्रतिवादी अरुणकुमार श्रेष्ठको हकमा विचार गर्दा, निज नापी कार्यालय काठमाडौंको अमिन पदमा कार्यरत रहेको अवस्थामा जग्गाधनी श्री ५ को सरकारको नाममा रहेको जग्गामा मोही कायम नहुनेमा ऐन नियम विपरित निजसमेतले नाप जाँच गरी कृत्रिम मोही खडा गरी झुठ्ठा तथा फरक व्यहोरा फिल्डबुक तथा लगतसमेत तयार गरेको भन्ने वादी नेपाल सरकारले सरकारको दावी हुँदा यी प्रतिवादी अहिल नै निर्दोष रहेछन् भनेर मान्न नमिल्ने देखिंदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादी अरुणकुमार श्रेष्ठबाट धरौटी रु. ७,५०,०००/-(सात लाख पचास हजार रुपैयाँ) नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राखु।

प्रतिवादी तत्कालिन नापी अधिकृत ध्रुवप्रसाद अर्यालको हकमा विचार गर्दा, २०४७/०४८ सालको विभिन्न मितिमा भएको नापीको समयमा आफू डिल्लीबजारमा कार्यरत भएको भनि निजले अनुसन्धान र अदालतमा वयान गर्दा इन्कार रही वयान गरेको भए पनि उक्त नापीको नक्सामा



CamScanner

निजकोसमेत नाम लेखिएको भनि निजले नै अनुसन्धान अधिकारीसमक्ष स्वीकार गरेको हुँदा तत्काल यी प्रतिवादी पनि निर्दोष रहेछन् भनेर भन्न नसकिएकोले पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादी ध्रुवप्रसाद अर्यालबाट धरौटी रु. ३,३०,०००/-(तीन लाख तीस हजार रुपैयाँ)नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राख्नु।

**प्रतिवादी केशव तुलाधरको हकमा विचार गर्दा,** निजलाई प्रस्तुत मुद्दामा मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२) बमोजिम जग्गा फिर्ता प्रयोजनको लागि मात्र प्रतिवादी बनाईएको देखिंदा निजले अदालतमा बयान गर्दा जग्गा फिर्ता गर्न तयार नै छु भनि बयानसमेत गरेकोले पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई निज प्रतिवादी केशव तुलाधरलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६९ बमोजिम साधारण तारेखमा राखी मुद्दाको पूर्पक्ष गर्नु।

**प्रतिवादी बाबुराजा महर्जन, देवनारायण महर्जन, सकलानन्द महर्जन र संजयकुमार महर्जनको हकमा विचार गर्दा,** यी प्रतिवादीहरुलाई मोही हुनै नसक्ने सरकारी जग्गाको मोही कायम गरी मोही वापत जग्गा लिई लाभ लिएको भन्ने वादी नेपाल सरकारको दावी रहेको र यी प्रतिवादीहरुले पनि मोहीवापत कहि जग्गा लिएको र सो जग्गावापत निजहरुले केहि रकमसमेत लिई लाभ प्राप्त गरेको मिसिलबाट देखिंदा तत्काल यी प्रतिवादीहरु निर्दोष नै रहेनछन् भन्ने नदेखिंदा पछि ठहरे बमोजिम हुने गरी हाललाई मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम निज प्रतिवादीहरु बाबुराजा महर्जन, देवनारायण महर्जन, सकलानन्द महर्जन र संजयकुमार महर्जनबाट जनही धरौटी रु. १,१०,०००/-(एक लाख दश हजार रुपैयाँ)नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राख्नु।

**प्रतिवादी लोकहरी घिमिरेको हकमा विचार गर्दा,** निज समरजंग कम्पनीको कार्यालय प्रमुखको हैसियतले सरकारी जग्गाको संरक्षणको निमित्त कुनै पहल वा उजुर बाजुर नगरी सरकारी जग्गाको संरक्षण नगरेको तथा उक्त कार्यालयको रेखदेखमा रहेको बाहेकको जग्गा कुन कुन ईकाईलाई के कती दिईएको र उक्त जग्गा कसरी प्राप्त भएको हो भन्ने सम्बन्धमा यस समरजंग कार्यालयमा अभिलेख नभएको भनी जग्गा राणाहरुलाई फिर्ता दिन सहज हुने गरी गोलमटोल जवाफ दिएको कारण सरकारी जग्गा व्यक्तिको नाममा गएको भन्ने अभियोगदावी देखिंदा यी प्रतिवादी अहिले नै निर्दोष रहेछन् भनेर मान्न नमिली पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी हाललाई मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८

बमोजिम प्रतिवादी लोकहरी घिमिरेबाट धरौटी रु. ७,५०,०००/-(सात लाख पचास हजार रुपैयाँ)नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राख्नु।

प्रतिवादीहरुले माग बमोजिमको धरौटी नगदै वा सो बराबरको जेथा वा बैंक जमानत नदिए मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८० बमोजिमको थुनुवा पुर्जि दिई निजहरुलाई थुनामा राख स्थानीय कारागार कार्यालयमा पठाइदिनु भनी ऐ. संहिताको दफा ७९ बमोजिम यो आदेश पर्चा गरिदिएको छ।

२०८०।५।२४

न्यायाधीश

आदेश सुनी सहिछाप गर्ने प्रतिवादीहरु:-

शिबजी भट्टराई — रुद्रकुमार श्रेष्ठ — बालकृष्ण श्रेष्ठ

कलाधर देउजा — मिनबहादुर गुरुङ — घमनकुमार कार्की

गोपाल कार्की — बिनोदप्रसाद पौडेल — योगराज पौडेल

नारायण राज मिश्र — अरुण कुमार श्रेष्ठ — ध्रुवप्रसाद अर्याल

केशव तुलाधर — बाबुराजा महर्जन — देवनारायण महर्जन

सकलानन्द महर्जन — संजयकुमार महर्जन — लोकहरी घिमिरे

इति सम्वत् २०८० साल भाद्र २४ गते रोज १ शुभम्.......................................।



CamScanner